Central Department of Rural Development
Tribhuvan University, Faculty of Humanities and Social Sciences
Kirtipur, Kathmandu

Tribhuvan University
Central Department of Rural Development
Kirtipur

# Course based Poem/Gajal Competition-2021



## 581: Population, Migration and Remittance

**Organized by**
**Dr. Rajan Binayek Pasa**
**29th June, 2021**

**Course based Poem/Gajal Competition-2021: Population, Migration and Remittance (Forth Semester)**

# कविता: बनाऔ स्वदेश

- आशा खत्री, रोल न: ०५

समाज बदलिएको छ
ट्रेण्ड पनि परिवर्तित छ।
चाहना परिवर्तित छन्
टेक्ने जमिन र माथिको सगर बदलिएको छ र?

बदलिदो समाज, बदलिदा आवश्यकता
साँसारिक होडबाजी।
असिमित चाहनाको चाङ्ग
अनी ति असिमित चाहनाको पूर्णताको लागि
भाग दौडमा लागि परेका हामी
खोइ के के हातपार्यौ?
के के गुमायौ?
पाउने र गुमाउने नै सन्तुष्टी र असन्तुष्टी हो भने त
सबैभन्दा ठूलो त आत्मसन्तुष्टि र स्वाभिमान गुमाए जस्तो लाग्छ

आज भन्दा भोलि राम्रो हुने सपनामा
यहाँ भन्दावहाँ राम्रो हुने भ्रममा
यथार्थताको जीवन कहिले जिउने?
स्वदेश छोडी परदेशमा रमाउनेहरु
भविष्य अर्कैको हातमा सुम्पेर सपना सजाउनेहरु
घर परिवार समाजमा तिमीहरु उपस्थित भएर त हेर
परदेशबाट तिमिले ल्याउने पैसाको बण्डल भन्दा
कैयौ गुणा गह्रुगो छ, परिवारसँग साटासाट गरेको सुखदुखको बण्डल

कस्तो बिडम्बना, सुन्दाआश्चर्य नै लाग्ने
डिभी नपर्दा, भिसा नलाग्दा हायलकायल हुनुपर्ने
स्वाभिमानी वीर भनी चिनिएका हामी

खोई हामो आत्मसम्मान?

विदेशिनु, परदेशिनु  नराम्रो त कहाँहो र
तर तिमो आवश्यकताको सीमा कति?
आफ्नै घर लथालिँग पारी
अर्कैको सँसार सुन्दर पार्नुको औचित्य नै छ र कति?
एकर एकएघार हुने हैसियत राख्ने हामी
एक्लै एक्लै भौतारिदै हराएका छौ
जसको मूल्य परिवार,देश समाजले बेहिसाब चुकाउनुपर्ने।

परिवार, देश र समाज सुन्दर बनाउने जिम्मा हाम्रो हो
हामीले नगरे अरु कसले गर्ने
अहिले नगरे कहिले गर्ने
हाम्रा अवसरहरु हामीले नदेखे कसले देख्ने?
त्यसैले,
देश सुन्दर बनाउनुको विकल्पै छैन
अबकादशक परदेशमा होइन, स्वदेशमै
सीप, ज्ञान पोखौ।
उन्नत समाज र समृद्ध नेपाल बनाऔं
जोडिएको समाज, सुखी परिवार बनाऔ।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

## POEM: FALSE HOPE?

Priyanka K.C.
Roll no :17

19 Years Deepak,
As his name says all, he was bright as a light
But, after his father death, life for him was never right
Born in village, he never had a luxurious dream
But now, glaring eyes of family, being only main man, he had to dream
Will he be able to care for his family? Or it's just a **FALSE HOPE?**

Seeing the pouring roof, wrinkled and weak mother
How can he unseen his unmarried sister and little brother
So, he decided,
He decided to go beyond the seven seas far
Where, he cannot find his loved one, which made him feel bizarre
Will he be able to fulfill his family's dream? Orit's just a **FALSE HOPE?**

Yeah,
The happy moment, he married his love of his life
But, after two days of marriage, he had to depart from his beautiful wife
The visa got approved, is it a joy or sorrow?
Wiping the tears of her, promising to be back soon, he left tomorrow.
Will he be able to meet his wife again? Orit's just a **FALSE HOPE?**

Reaching the dream country, reality was bitter than foolish expectation
There were no money on trees, but there were only suffering and pain
All the weeks passed by, he did not find any place to hide
Sleeping on street, eating from garbage and losing his all pride
Will he be able to survive his life?
Or it's just a **FALSE HOPE?**

Strange city, unknown people, no skill on hand
His mental state got down, remembering depth in motherland
But,
But a dim light of hope, showed to him

Tribhuvan University
Central Department of Rural Development
Kirtipur

He found a job, latrine to clean
The money he earned was, not even enough to him
Will he able to pay his depth? Orit's just a **FALSE HOPE?**
Another happy moment, he heard of new member adding up to his family
It was his first baby girl, who looks like a fairy actually
But, he was in dilemma, whether to be happy or sad
Cause even if he want, he couldn't hold her princess on his hand
Will he ever be able to hold his baby? Orit's just a **FALSE HOPE?**

There's no day, he had smiled with whole heart
Even, festivals and celebrations were like curry without salt
The months passed by, the more misery added on his life
His heart fall apart, when he heard his mother passed by
Will he be able to meet his mother for the last time? Or it's just a **FALSE HOPE?**

They say,
Men should not cry, but how cannot he cry on his own mother death
Who made him, who raised him and loved him selflessly in-depth
He recollects himself because all those pain need to be hide
There's still more loving people's future, he have to determine
Will he be able to shape their future? Or it's just a **FALSE HOPE**?

So,
He decided to do risky work, risking his own life
The money was little bit higher, in the construction site
But, either it was his destiny or unfortunate life
A heavy metal fall on him, which made him paralyzed
Will he be able to be able again? Or it's just a **FALSE HOPE**?

Yeah,
He had a simple hope, not more than that
But, he did not want to live in falsehood and quit to combat
Thinking of himself a burden, he ended up his life
And with him, all his and his family's FALSE HOPE instantly died
Will he be able to reach up to the heaven? Or it's just a **FALSE HOPE**?



Tribhuvan University
Central Department of Rural Development
Kirtipur

# गजल

-अमित बास्तोला
रोल न:३१

पुग्दैन खान साझ बिहान उ दबाबमा छ
रहर थिएन प्रदेश प्रस्थान उ दबाबमा छ।

नसकी तिर्न साहुको रिन बन्धकी बसेको
फिर्ता गर्नु छ बाको स्वाभिमान उ दबाबमा छ।

घन गिट्टी र भाइबहिनाहरुको बगरको दोस्ति
हेरिरहन बनेर अन्जान उ दबाबमा छ।

फेर्नलाई छानो जुटाउन मानो बिदेशमा बसेर
नसहिहुन्न अरुको अपमान उ दबाबमा छ।

नचिनोस भनी पुराना सपना चाहना हरुले
बदलेर हिन्न आफ्नै पहिचान उ दबाबमा छ।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

# कविता

-अमित बास्तोला
रोल न:३१

पहिलो रेमिट्यान्स ईन्डियाको दोस्रो रैछ चिन
छैन हामी परदेशी नभएको दिन।

थोरै जान्छन् राम्रो देश धेरै जान्छन्खाडी
सिप हुन्न धेरै सग काम गर्छन् 3D
कमाएर पथाउछन ज्यानको बाजी राखी
उत्पादनमा लगाउदैनन अन्त खर्च काफी।

सहज हुन्न परदेशमा नबुझेको किन
फाल्तु खर्च गरे पछि कहाँ घट्छ रिन।

GDP मा 30 प्रतिशत योगदान गर्ने क्षेत्र
ब्यबस्थापन गर्न अझै छैन कोहिको नेत्र
दुख हाम्रो सरप्लस जति जान्छ अरु देश
खान लाउन मात्र परदेश नगएको बेश।

बनाउन राम्रो निति सोचौ एक छिन
रेमिटरको श्रम हुन्न खेर जान दिन।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

# गजल

-मनोज बस्नेत,
रोल न: ३३

बेरोजगारको पीडाले छाति आरपार भो;
कमाउनै पर्ने दबाब, घरमा बार बार भो।

साइलो, हिजै मात्र बाकसमा फर्कियो;
रेमिटेन्सले देश धान्ने, हत्यारा सरकार हो।

बसौ बेरोजगारले मार्छ, जाउ त रोजगारले;
खेत बेची जाउ नजाउ, लौ न दोधार भो।

गाउमा लास बोक्ने सम्म जवान छैनन्;
युवा बेची डलर छापने, कस्तो यो ब्यापार हो।

भारतीय चामल, तन्ज़ेनियाको दाल, नेपाली भोक मार्छ अचेल;
उरबर खेत बन्जर बन्यो, युवाको हाहाकार भो।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

# गजल

-मनोज बस्नेत,
रोल न: ३३

बिध्यालयले नपढाएको पाठ, पढाउछ चोटले;
कोदालोले नबदलिएको भाग्य, बधल्छु पासपोर्टले।

चुम्बकले के तान्थियो र धातुलाई;
तान्यो समुन्द्र पारि पैसाको बोटले।

श्रीमान कोरियामा श्रम गरि पैसा पठाऊछन्;
श्रीमती मोबाइले किन्छिन, सफर कोरियाकै गर्छ नोटले।

आजका मुना पठाउछन आफै खाडीमा मदनलाई;
रुनथिन बरा, मदनलाई जब बोलाउथियो भोटले।

बिद्यालयले नपढाएको पाठ, पढाउछ चोटले;
कृषिले नबदलिएको गाउँ, मनोज बधलिन्छ भन्छ पासपोर्टले।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

# गजल

-टिका राम देवकोटा,
रोल न: ०२

आज आफै भोको छु, परिवारको पेट भर्न हिडेको म;
अनाथ, टुहुरो भैसके छु, आमाको दुख हर्न हिडेको म।

थाहा छैन घामले डढेर मर्छु कि आन्द्रा बटारिएर मर्छु;
ढिडो,तरुल,गिठा छोडि प्रदेश मिठो चर्न हिडेको म।

पल पल सम्झि रहेछु, आफ्नै गाउँका रिठा गिठहरु;
आधुनिकताका ति हजारौं समुन्द्रहरु तर्न हिडेको म।

पत्तै भएन मेरै देशको सरकारले मलाई नै बेचि दिएको;
आज अशक्त भई लडेको छु, देश विकास गर्न हिडेको म।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

# कविता

-टिका राम देवकोटा,
रोल न: ०२

जनसंख्या नै त्यस्तो एक प्रमुख मुद्दा हो खास्,
जस्को व्यवस्थापन विना सम्भव छैन विकास।

जनसंख्या भनेको ति मानिसहरुको एक समुह हो,
निश्चित समय देखि निश्चित छेत्रमा बस्दछन् जो।

उमेर, लिङ्ग,जाति, जनजाति जनसंख्या का चर,
बृद्दि र का सुचक बसाई सराई र जन्म मृत्यु दर।

जनसंख्या बृद्धिका कारण बाल विवाह बहु विवाह गरिबी,
संयुक्त परिवार, शिक्षाको अभाव सास्कृतिक मुल्य आदि।

शहर भन्दा जन्मदर मृत्युदरले ग्रामीण नै छ उदास,
जस्को व्यवस्थापन विना......

१.९२ आर्थिक वृद्धिदर छ १९ करोड जनसंख्या भएको पाकिस्तानमा,
२.३आर्थिक वृद्धिदर छ ३ करोड पनि नभएको अफगानिस्तानमा।

जनसंख्या कम हुदैमा पनि देश विकास हुन्छ भन्ने हैन,
थोरै जनसंख्या भएको भुटानमा पनि वृद्धिदर खास छैन।

५३ लाख भएको नर्वेले पनि गरि सक्यो समग्र विकास,
जनसंख्या नै त्यस्तो एक.....

सक्रिय जनसंख्या बाहिरीदा देश मेरो गरिब हुदैछ झन्,
ति युवा व्यवस्थित गर्ने पनि त पाँच प्याड ईस्यु छन्।

पहिलो विकास दृष्टिकोण विकसित अल्पविकसित हेछ पुरा,
दोस्रो सैदान्तिक दृष्टिकोण हो, गर्छ मावो सिद्धान्तका कुरा।

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर

तेस्रोले मानव स्रोत विकासमा जोड दियो अथाह,
चौथो झन् प्रभावकारी, सार्वजनिक सेवा प्रवाह।

तेस्रोले गरेको थियो, मात्र मानव स्रोत विकासको स्थापन,
पाँचौले गर्ने कुरा गर्यो, मानव स्रोतको उचित व्यवस्थापन।

यि पाँचै ईस्यु अवलम्बन गरे, हट्ने छ गरिबीको त्रास,
जनसंख्या नै एक त्यस्तो....

..............................

Organized by
Dr. Rajan Binayek Pasa
Subject Teacher
Date: 29th June, 2021

त्रिभुवन विश्वविद्यालय
ग्रामीण विकास केन्द्रीय विभाग
कीर्तिपुर